फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल:sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण निवारण इकाई)

अत्यन्त जरुरी

पत्र संख्या :- ०७६/७७
चलानी नं.:- 662

मिति : २०७६।०८।१८

**श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,** प्रदेश नं. १- विराटनगर/ प्रदेश नं. २ जनकपुर/ प्रदेश नं. ३- मकवानपुर/ गण्डकी प्रदेश, पोखरा, कास्की/प्रदेश नं. ५ - बुटवल/ कर्णाली प्रदेश- सुर्खेत/सुदुरपश्चिम प्रदेश, - धनगढी, कैलाली ।

**विषय :- विभागवाट जारी निर्देशन, २०७४ कार्यान्वयन र प्रतिवेदन पठाउने सम्बन्धमा ।**

सम्पत्ति शुद्धीकरण सम्बन्धमा नेपाल पक्ष राष्ट्र हो । सन् २०२० मा नेपालको AML/CFT सम्बन्धी अन्तराष्ट्रिय पारस्पारिक मूल्यांकन अन्तराष्ट्रिय सरोकार संस्था APG र सम्बन्ध सरोकार संस्थाहरुबाट हुन गईरहेको व्यहोरा तहाँ अवगतै छ । सम्पत्ति शुद्धीकरण निवारण गर्ने विषय नेपालको उच्च प्राथमिकताको विषय भएको र दोश्रो राष्ट्रिय रणनीति तथा कार्यान्वयन (२०७६-२०८१) मा हामीले पुरा गर्नु पर्ने धेरै विषय/सन्दर्भ उल्लेख भएका छन् । सोही सन्दर्भमा तहाँ प्रदेश सरकार र तहाँ प्रदेश भित्र पर्ने सबै स्थानीय तहको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सो ऐन अन्तर्गत यस विभागले जारी गरेको **"सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरेको निर्देशन, २०७४ ( पहिलो शंसोधन समेत)"** मा भएका सबै व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु पर्ने भएकाले आ-आफ्नो नियमन क्षेत्र भित्रका सहकारी संघसंस्थाहरुलाई र सबै स्थानीय तहलाई समेत सो बमोजिमको आदेश/ निर्देशन जारी गरी मुलभुत रुपमा तल उल्लेखित विषयहरु तत्काल कार्यान्वयनको लागि निर्देशन/सहजीकरण हुन समेत निर्णयानुसार अनुरोध गरिएको छ ।

१. निर्देशनको दफा २४ वमोजिम कार्यान्वयन अधिकारी ( कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क नं. इमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी वित्तिय जानकारी ईकाई तथा विभाग र नियामक निकायमा गराउने ।

२. निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धीकरण ऐन, नियमावली र जारी निर्देशन वमोजिम सम्पादन गर्नुपर्ने कार्यहरुको प्रभावकारी सम्पादनका लागि प्रत्येक सहकारी संघ संस्थाले आन्तरिक नीति तथा कार्यविविधी तर्जुमा गरी साधारण सभावाट पारित गराई लागू गर्ने ।

३. निर्देशनको दफा १९ वमोजिम सीमा कारोवारको प्रतिवेदन (TTR) कारोवार सम्पन्न भएको मितिले १५ दिन भित्र निर्देशनको अनुसुची -४ को ढाँचामा नेपाल राष्ट्र बैक, वित्तिय जानकारी इकाईमा पठाउने गर्नु पर्ने ।

४. निर्देशनको दफा २० बमोजिम शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन ( STR) अनुसुची-५ को ढाँचामा तयार गरी कारोबार भएको ३ दिन भित्र वित्तीय जानकारी इकाईमा पठाउने गर्नु पर्ने ।

५. निर्देशनको दफा ३ वमोजिम सदस्य पहिचान तथा सम्पुष्टि (KYM) अद्यावधीक गरी राख्ने ।

O/C

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल:sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण निवारण इकाई)

अत्यन्त जरुरी

पत्र संख्या :- ०७६/७७
चलानी नं.:-

६. निर्देशनको दफा १३ वमोजिम जोखिम पहिचान, मुल्यांकन, वर्गीकरण तथा व्यवस्थापन गर्ने ।

७. निर्देशनको दफा ८ बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्ने

८. निर्देशनको दफा १० वमोजिम वास्तविक धनीको पहिचान गर्ने उपाय अवलम्बन गर्ने ।

९. निर्देशनको दफा १२ वमोजिम सीमा कारोवारको स्रोत खुलासा लिने गर्नु पर्ने ।

१०. निर्देशनको दफा २८ वमोजिम सम्पादन गरेका कार्यहरुको चौमासिक प्रतिवेदन अनुसुची -६ को ढाँचामा चौमासिक अवधि व्यतित भएको ७ दिन भित्र नियामक निकायमा पठाउने र प्रदेश वा स्थानिय नियमनकारी निकायहरुले आफ्नो नियमन क्षेत्राधिकार भित्रका सुचक संस्थाहरुवाट प्राप्त उक्त अनुसुची- ६ अनुसारको प्रतिवेदनलाई भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयले बनाएको **"सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानुन पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५"** को दफा १० वमोजिम स्थानीय नियमनकारी निकायले प्रादेशिक नियमनकारी निकायका साथै विभागमा र प्रादेशिक नियमनकारी निकायले विभागमा आफ्नो नियमन क्षेत्राधिकार भित्र पर्ने संस्थाहरुको सोही कार्यविधिको अनुसुची- ३ को ढाँचामा समष्टिगत विवरण सहितको प्रतिवेदन चौमासिक रुपमा अवधि व्यतित भएको १५ दिन भित्र विभागमा पठाउनु पर्नेमा, यस्तो प्रतिवेदन हाल सम्म प्रादेशिक नियमनकारी निकाय तथा स्थानीय नियमनकारी निकायबाट विभागमा प्राप्त नभएको हुँदा नित्य नियमित रुपमा तयार गरी पठाउने व्यवस्थाका लागि अनुरोध गरिएको छ ।

**पुनश्च** : सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरीएको निर्देशन, २०७४ र सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानुन पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५, एक/एक प्रति यसै साथ संलग्न छ साथै विभागको वेबसाइट www.deoc.gov.np बाट समेत हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

.................................
(ईश्वर प्रसाद आचार्य)
शाखा अधिकृत

श्रीमान्
यसै बमोजिम
पत्राचार गर्न
निर्णयार्थ पेश
गरिएको छ ।
०७६।०८।१८

**बोधार्थ :**

**श्री नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई, बालुवाटार, काठमाडौं ।**
**श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान** विभाग, पुल्चोक, ललितपुर ।
**कार्याथ :- श्री महानगरपालिकाको कार्यालय,** काठमाडौं-काठमाडौं/ ललितपुर-ललितपुर/पोखरा- कास्की/ भरतपुर-चितवन/ विराटनगर- मोरङ/ विरगञ्ज- पर्सा ।
**श्री उपमहानगरपालिकाको कार्यालय,** इटहरी- सुनसरी/ धरान- सुनसरी/ जनकपुर- धनुषा/ हेटौडा- मकवानपुर/ कलैया- बारा/ जितपुर सिमरा- बारा/ तुलसीपुर- दाङ/ घोराही- दाङ/ बुटवल- रुपन्देह/ नेपालगञ्ज - बाँके / धनगढी- कैलाली ।

२०७६।८।१८